महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट २०७७ वैशाख र ज्येष्ठ महिनामा सम्पादित प्रमुख कार्यहरुको विवरण :

- भारतको आसामस्थित मणिपुरमा अलपत्र परेका नेपाली महिलाहरुको उद्धारको लागि भारतस्थित नेपाली राजदुतावाससंग समन्वय गरि उद्धारको कार्य भई रहेको ।
- काठमाडौं उपत्यकामा बालक २२ र बालिका ८, कास्की पोखरामा बालक १५ र बालिका ३ सहित कूल बालक ३५ र बालिका १० गरी ४५ जनाको पुनर्स्थापना गरिएको साथै १ जना बालकलाई परिवारमा पुनर्मिलन गरिएको ।
- हराएका १५० जना बालबालिका मध्ये फेला परेका ५५ जना र बेवारिस फेला परेका ५जना गरी ६० (बालक १६ र बालिका ४४) जनाको उद्धार, संरक्षण र परिवारमा पुनर्मिलन तथा बाल गृहमा पुनःस्थापना गरिएको
- बाल हेल्पलाइन नं. १०९८ सञ्चालन अनुमति प्राप्त विभिन्न ७ वटा गैर सरकारी संस्थाबाट १२ जिल्लामा १२ वटा बाल हेल्पलाइन निरन्तर सञ्चालनमा रहेको र २३६२ (बालक १२८५ र बालिका१०७७) जना बालबालिकालाई आवश्यक राहत सहयोग तथा सेवा प्रवाह गरिएको ।
- जोखिममा रहेका १०८ जना बालबालिकाको आपत्कालीन उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको ।
- १६ वटा बाल गृहको अनुगमन गरिएको । अनुगमन गरिएका मध्ये २ वटा राम्रो, १३ वटा सन्तोषजनक रुपमा मापदण्ड बमोजिम सञ्चालनमा रहेका पाइयो भने एउटा बाल गृह मापदण्ड बमोजिम सञ्चालन भएको नपाइएकोले आवश्यक निर्देशन तथा पृष्ठपोषण गरिएको ।
- कोभिड १९ को उच्च जोखिमका कारण देश लकडाउन भएको अवस्थामा वृद्धाश्रमहरुमा पर्न सक्ने असरको संबोधनका लागि समन्वय भई रहेको ।
- बेसहारा ज्येष्ठ नागरिकहरुलाई विभिन्न संघसंस्थाहरुसँगको समन्वयमा पुनर्स्थापना गर्ने कार्य गरिएको ।
- असार १(जून १५) गते मनाउन लागिएको १५ औं ज्येष्ठ नागरिक दुर्व्यवहार विरुद्धको विश्व चेतना दिवस सम्पन्न गरिएको ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई Covid- १९ को सम्भावित जोखिम बाट बचाउन र पुर्नस्थापना केन्द्रहरुमा रहेका यस्ता व्यक्तिहरुको भरणपोषण लगायतका विषयमा समस्या आउन नदिन समन्वय भइरहेको ।
- वैशाख र जेठ महिनामा विभिन्न दुर्गम तथा पहाडी जिल्लाका ११ जना गर्भवती तथा सुत्केरी महिलाहरुको उद्धार गरीएको ।चालु आ व मा हालसम्म ७६ जनालाई उद्धार गरीएको र ४ जनाको उद्धारको लागि समन्वय गरिएको ।

- बाल हेल्पलाइन नं. १०९८ सञ्चालन अनुमति प्राप्त विभिन्न ७ वटा गैर सरकारी संस्थाबाट १२ जिल्लामा १२ वटा बाल हेल्पलाइन निरन्तर सञ्चालनमा रहेको र १५३५ (बालक ७१४ र बालिका ८२१) जना बालबालिकालाई आवश्यक राहत सहयोग तथा सेवा प्रवाह गरिएको ।
- गैससका १३ वटा र अगैससका ६ वटा परियोजनाको मूल्याङ्कनलाई अन्तिम रुप दिइएको । अनुगमन टोलीले पेश गरेको अधिकांश प्रतिवेदनहरु प्रस्तुतिकरण वैठकमा संस्था, परिषद् र मूल्याङ्कन टोलिबिच छलफल नगरि प्रतिवेदनलाई अन्तिम रुप दिन नसकिने हुँदा हाल लकडाउनको कारण वैठक बस्न नसकिएकोले प्रगतिमा पनि प्रभाव परेको ।
- जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्रन बमोजिम प्राप्त संस्थाहरुको प्रस्ताव छनौटका लागि मूल्यांकन समिति बाट प्रस्तावहरुको मूल्यांकन गरिएतापनि कोरोना भाइरसका कारण देश लकडाउन भएकोले छनौट भएका सस्थाहरुलाई बोलाएर सम्झौता लगायतका काम अगाडि बढाउन नसक्ने परिस्थिति सिर्जना भएकाले मिति २०७७/२/५ गते विभागबाट सूचना जारी गरी उक्त कार्यक्रम स्थगित गरिएको ।
- उच्चस्तरीय छानविन अनुसन्धान तथा सुझाव आयोगले बाल संगठन तथा बालमन्दिरहरुको अध्ययन तथा छानबीन गरि ट प्रतिवेदन प्राप्त भई सो मा अध्ययन भैरहेको ।
- ११ वटा स्थानीय तहबाट अनाथ बालबालिका सम्बन्धी तथ्याङ्क विवरण प्राप्त भएको ।
- लकडाउनको समयमा कलङकीमा बलात्कारमा परेकी धादिङ जिल्लाकी २६ वर्षिया महिलालाई माइती नेपालको सहकार्यमा उद्धार गरी मानव सेवा आश्रममा राखिएको ।
- लकडाउनका कारण काम छुटेकोले आत्महत्याको प्रयास गर्ने विराटनगरकी २१ वर्षीय किशोरीको उद्धार गरी स्वास्थ्य उपचारमा लागेको खर्च रु.२५०००।- कोषबाट व्यहोरी कोशिस संस्थामा पुनर्स्थापना गरिएको ।
- विभिन्न संस्थाहरुसंगको सहकार्यमा महिला/घरायसी हिंसा, श्रम/शारीरिक/यौनजन्य/मानसिक शोषण विरुद्ध सन्देशमूलक सामग्री तयार पारी सामाजिक संजाल मार्फत प्रचार प्रसार गरिएको ।
- जेठ १६ गते दोस्रो राष्ट्रिय महिला अधिकार दिवसको अबसरमा कोभिडको कारणले लकडाउनको अवस्थामा महिला, बालिका, किशोरी, लैंगिक तथा यौनिक अल्पसंख्यकहरुले भोग्न परेको असहज अवस्थालाई सहजीकरण गर्ने र वैदेशिक रोजगारीमा गएकाहरुलाई स्वदेश ल्याउने, क्वारेन्टाईनको व्यवस्थापन तथा पारिवारिक पुनर्मिलनका विषयहरुमा सरोकारवालाबीच online meeting गरी छलफल गरिएको ।
- समाजमा रहेका हानीकारक अभ्यास अन्तर्गतको महिनावारीलाई मर्यादित बनाउने उद्देश्यले ज्येष्ठ महिना अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवसको अवसर पारेर करिब ३० देशका

३०० जना सहभागीहरुको सहभागितामा online meeting गरी मर्यादित महिनावारी दिवस सम्पन्न गरिएको ।

- कोभिड-१९ संक्रमणबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यात्तिहरुमा परेको असर र प्रभावलाइ संवोधन गर्न ४ महीने कार्ययोजना तयार भएको ।